**गण्डकी प्रदेश सभा**

**आठौँ अधिवेशन**

**बैठक संख्या -२१**

**सूचनापत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

मिति २०८२ साल असार २३ गते, सोमबार

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको २:२५** बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले गण्डकी प्रदेश सभाको **मिति २०८२ साल असार १३ गतेको बैठकमा** आकस्मिक समय माग गरी सम्बोधन गर्ने क्रममा **माननीय दिलमाया पौ.बि.ले प्रयोग गर्नु भएको "अन्धो" भन्ने शब्द** सभाको रेकर्डबाट हटाउन माननीय सुनिता थापाले सभामुखको ध्यानाकर्षण गराउनुभएकोमा माननीय दिलमाया पौ.बि.ले प्रयोग गर्नु भएको उक्त शब्द सभाको रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिनुभयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा **माननीय प्रकाश वराल, माननीय बेद बहादुर गुरुङ, माननीय भिम बहादुर कार्की, माननीय सुशिला सिंखडा, माननीय श्यामराजा महत र माननीय हरि बहादुर भण्डारी**ले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात माननीय **मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले "महालेखा परिक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२" स**भा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रस्तुत **गर्नुभएको "महालेखा परिक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२" छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्** भनि सभालाई सहमतिको लागि अनुरोध गर्नुभएकोमा उक्त प्रस्तावमा सभाले सहमति जनायो।

तत्पश्चात माननीय **गोबिन्द बहादुर नेपालीले गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम २२९ बमोजिम गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम ६ को उपनियम (५) लाई निलम्बन गर्ने सम्बन्धी प्रस्ताव पेस** गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय **उद्योग तथा पर्यटन मन्त्री मित्रलाल वस्यालको अनुपस्थितिमा माननीय सामाजिक विकास युवा तथा खेलकुद मन्त्री श्री बिन्दुकुमार थापाले अर्थ तथा विकास समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक**" माथि छलफल गरियोस् भनि प्रस्ताव पेस गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात **अर्थ तथा विकास समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथिको दफावार छलफल** प्रारम्भ भयो । उक्त दफावार छलफलमा **माननीय प्रकाश बराल, माननीय देवका पहारी त्रिपाठी, माननीय रेशम बहादुर जुग्जाली र माननीय विन्दु पौडेलले** भाग लिनुभयो ।

तत्पश्चात माननीय **सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री  बिन्दु कुमार थापा**ले **"गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" माथिको छलफलको क्रममा उठेका** प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय **सभामुखले गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" का सम्बन्धमा अर्थ तथा विकास समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त संसोधन सर्वसम्मतिले** स्वीकृत भयो ।

तत्पश्चात मानननीय सभामुखले "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" का सम्बन्धमा अर्थ तथा विकास समितिको प्रतिवेदनको संशोधन **क्रमसंख्या १ देखि ५ सम्म उल्लेखित संशोधन "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" को अंग बनोस् भनि** निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सर्वसम्मतिले उक्त प्रस्ताव स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले **विधेयकको दफा २ देखि २० सम्म "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सर्वसम्मतिले उक्त** प्रस्ताव स्वीकृत भयो ।

तत्पश्चात **माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम** पढेर सुनाउँनुभयो ।

तत्पश्चात माननीय **सभामुखले विधेयकको प्रस्तावना र नाम "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक"  को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले** स्वीकृत भयो ।

तत्पश्चात **माननीय सामाजिक विकास युवा तथा खेलकुद मन्त्री श्री बिन्दु कुमार थापाले  "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त विधेयक सर्वसम्मतिले** पारित भयो ।

तत्पश्चात माननीय सभामुखले आगामि बैठक **२०८२ साल असार २४ गते विहान ११ बजे बस्नेगरी दिनको ३:२१** बजे स्थगित गर्नुभयो।

..........................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव